श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतम**बाट भएको

**फैसला**

सम्बत् २०७०/०७१ सालको स.फौ.नं.५२ (**हातहतियार**)

दर्ता मिति :– **२०७०/०४/१६**

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.७३४, मिति :– **२०७०/११/१३**

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले **नेपाल सरकार**.................१ | जिल्ला सिन्धुपाल्चोक, वाह्रविसे गा.वि.स. वडा नं.१ ठूलो पलाती घर भई हाल का.जि.,का.म..न.पा.-३५ बस्ने श्यामकुमार बस्नेतको छोरा वर्ष २६ को विश्व बस्नेत..........................................................................१ |
| निजको प्रमाण.................................. | जि.धनुषा,जनकपुर न.पा.वडा नं.१६ घर भई का.जि.का.म.न.पा.३५ बस्ने शम्भुकुमार श्रेष्ठको छोरा वर्ष २५ को सविन श्रेष्ठ..............................१ |
| साक्षी........................................... | निजको प्रमाण .................................................................. |
| कागज........................................... | साक्षी ........................................................................... |
| | कागज .......................................................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण............................................

साक्षी.........................................

कागज ---------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. मिति २०७०/३/२२ गते विहान ११.०० बजे का.जि.,का.म.न.पा.१० सिनामंगल गैह्रीगाउ सुकुम्वासी टोल स्थित पूर्वमा वागमती खोलाको झोलुङ्गेपुल,पश्चिममा पक्की सडक,उत्तरदक्षिण कच्चि सडक बाटो यति चार किल्ला भित्र पर्ने सार्वजनिक सडकबाटोमा शंकास्पद रुपमा बसिरहेका विश्व बस्नेत र सविन श्रेष्ठलाई नियन्त्रणमा लिई तलासी लिदा विश्व बस्नेतले बाया कम्मरमा लुकाई राखेको अवस्थामा Made in italy,9 round No.25712,7.65 लेखिएको ६.५ इन्च लम्वाई,४.५ इन्च म्यागिजनको भाग रहेको पेस्तोल थान १, ऐ को NO.25712 लेखिएको ४ इन्च लामो म्यागिजन थान १ र K.F.7.65 लेखिएको गोली थान ४ समेत वरामद भएको र सो पेस्तोल सहितका खरखजाना संगै पक्राउ परेका सविन श्रेष्ठले धनुषा जनकपुरबाट ल्याएको भनि वताएको हुदा निज प्रतिवादीहरुलाई पक्राउ गरी पेस्तोल समेत बरामद गरी आवश्यक कारवाहीको लागि दाखिला गरिएको भन्ने समेत व्यहोराको **खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।**

२. विश्व बस्नेत र म एक वर्ष अगाडिबाट चिनजान भएको हो,निजले आफ्नो कोठामा भएको पेस्तोल सुरक्षित राख्न भनेकोले सो समयमा मेरो घर धनुषा जनकपुरमा गई सो पेस्तोल घरमा कसैलाई केही नभनी राखी आई हाल उक्त पेस्तोल विक्री हुने भयो तिमीलाई पनि पैसा दिउला भनेपछि म मिति २०७०/३/१९ गते जनकपुर-१६ स्थित घरमा गई उक्त पेस्तोल-१ म्याग्जिन र गोली राउण्ड ४ लिएर आई निज विश्व बस्नेतलाई दिएपछि निज पक्राउ परेका हुन । निजले सो पेस्तोल के काहाबाट कसरी ल्याए र कसलाई विक्री गर्न लागेका हुन मलाई थाहा छैन भन्ने समेत व्यहोराको **प्रतिवादी सविन श्रेष्ठले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान ।**

३. म समेत युनिक इन्टरनेशनल ग्वार्कोमा सगै काम गर्ने क्रममा भारतीय नागरिक मोहम्मदसँग परिचय भई निजले म घर जानु पर्‍यो एक महिनाको लागि तिम्रो कोठामा राखी दिनु पर्‍यो भनेकोले मेरो कोठामा राखी पछि म दिदिको कोठामा डेरा सर्न लागि सविन श्रेष्ठलाई दिई जनकपुरमा राख्न पठाएकोमा पछि जापान नाम गरेको व्यक्तिले रु १,१५,०००।- मा उक्त हतियार खरिद गर्ने भनेपछि सविनलाई रु २०,०००।- दिउला ल्याउ भनेपछि उसले २०७०/३/२१ गते ल्याई दिएकोमा २२ गते म समेत पक्राउ परेको हो भन्ने समेत व्यहोराको **प्रतिवादी विश्वबस्नेतले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान ।**

४. म विगत ४ वर्ष देखि सिनामंगलमा डेरा गरी ज्यामी काम गर्दै आएको छु,उल्लेखित मिति र समयमा म आफ्नो कामको सिलसिलामा सिनामंगल,गैह्रीगाउ स्थित सुकुम्वासी टोलमा पुगेको थिए,उक्त स्थानमा मानिसहरुको भिडभाड भएको देखी के भएको रहेछ भनी हेर्न जादा सिन्धुपाल्चोक तिर घर बताउने विश्व बस्नेत,जनकपुर तिर घर वताउने सविन श्रेष्ठलाई प्रहरीले

पेस्तोल थान-१ म्यागिजन थान १ र गोली राउण्ड ४ सहित पक्राउ गरेका रहेछन् । निज प्रतिवादीहरुलाई मैले यस अगाडि चिने देखेको थिइन,निजहरुले के कुन प्रयोजनका लागि हतियार राखेका हुन,के कहाबाट ल्याएका हुन सो समेत थाहा भएन भन्ने बुझिएका मानिस **हर्कबहादुर प्रधानले गरेको कागज ।**

५. बरामदी एवं खानतलासी मुचुल्का, प्रहरी प्रतिवेदन,पक्राउ परेका प्रतिवादी विश्व बस्नेत र सविन श्रेष्ठले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान तथा बुझिएका मानिस हर्कबहादुर प्रधानले गरि दिएको कागज समेतका आधारमा प्रतिवादीहरु विश्व बस्नेत र सविन श्रेष्ठ समेतले योजनाबद्ध रुपमा मिलोमतो गरी अवैध रुपमा आफ्नो साथमा राखी वरामदी मुचुल्का उल्लेखित पेस्तोल थान १ म्यागिजन थान १ र गोली राउण्ड थान ४ समेतका खरखजाना विक्री गर्ने उद्धेश्यले आ-आफ्नो घर कोठामा राखेको,ओसार पसार गरेको,एवं साथमा बोकी हिडेको पुष्टि हुन आएको हुदा प्रतिवादी विश्व बस्नेत र प्रतिवादी सविन श्रेष्ठको उक्त कार्य हातहतियार तथा खरखजाना ऐन,२०१९ को दफा ३(२), ४(२) र ५(१) विपरितको कसूर हुदा सोही कसूर अपराधमा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा २०(२)र २०(३) बमोजिम सजाय हुन र बरामद भएको हातहतियार खरखजाना समेत सोही ऐनको दफा १६ बमोजिम जफत हुन मागदावी लिई **अभियोग-पत्र प्रस्तुत भएको ।**

६. म र श्रीमती वैदेशिक रोजगारमा जान तयार भएकोमा श्रीमतीको भिसा लागेकोले उनी २०७०।३।१८ गते दुवई उडिन र म राहदानी लिन जनकपुर गइ २१ गते काठमाण्डौ आइ एयरपोर्ट नजिक मेनपावरलाई बुझाइ, त्याहा सगै पक्राउ परेका विश्व बस्नेत पनि धाउने गरेका रहेछन, त्याहा सामान्य चिनजान भई मोवाइल गरेकोमा नचिनेको मानिसले गैरी गाउ आउ भने म त्याहा पुग्दा मलाइ समातेर परतिर जाउ भनी एउटा घरमा लगि केरकार गरी एउटा कागजमा सहीछाप गर्न लगाई हनुमानढोका केरकार शाखामा लगि पाइपले कुटी प्रहरीले तयार पारेको कागजमा बलजफ्ती सहीछाप गराएको हो, वरामदी मुचुल्का अनुसारका हतियार र गोली प्रहरीले के कहाबाट ल्यायो,उक्त झुट्ठा मुचुल्का बनाई सहीछाप गराएको भन्ने समेत व्यहोराको **प्रतिवादी सविन श्रेष्ठले यस कार्यालयमा गरेको वयान ।**

७. म २०६५ साल देखी नै कोटेश्वरमा दिदीको घरमा बसी पढ्दै आएको हुँ, मिति २०७०।३।२२ गते सविनले मलाई फोन गरी म राहदानी लिएर आइ सके भिसा कहिले लाग्ला भनी फोन गरेको र म दिदीको पसलमा खाना खान लागेको समयमा २/३ जना सादा पोसाकमा आएका मानिसहरुले मलाई बोलाई सिनामंगलको ओरालोमा लगि एउटा घरको कोठामा लगि केरकार गरेको र त्यही समयमा सविनको फोन आएकोमा उनिहरुले मैले बोलेजस्तै गरी बोली सविनलाइ समेत बोलाई उही कोठमा लगि पछि हनुमानढोकाको केरकार शाखामा लगी कुटपिट गरी सबै झुट्ठा कागजमा सहीछाप गराएको हो, बरामद हतियार र गोली प्रहरीले पहिले नै झोलामा ल्याएको हो भन्ने समेत व्यहोराको **प्रतिवादी विश्व बस्नेतले यस कार्यालयमा गरेको वयान ।**

८. यसमा प्रतिवादीहरु विश्व बस्नेत र सविन श्रेष्ठको वयान र प्रतिवादी सविन श्रेष्ठका तर्फबाट उपस्थित विद्वान अधिवक्ता शिवबहादुर पाण्डे र रामप्रसाद घिमिरेको बहस समेत सुनी थुनछेक आदेश तर्फ विचार गर्दा यी प्रतिवादीहरुले अभियोग इन्कारी यस कार्यालयमा वयान गरेको भएता पनि मौकामा भएका वरामदी मुचुल्का सहितको हातहतियार खरखजाना,बुझिएका मानिसहरुले लेखाई दिएको कागजलाई तत्कालै अन्यथा हो भन्न सकिएन । तसर्थ पछि ठहरे वमोजिम हुने गरी हाल हातहतियार खरखजाना ऐन,२०१९ को दफा २४क वमोजिम यी प्रतिवादी विश्व बस्नेत र सविन श्रेष्ठलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्ने भन्ने यस कार्यालयबाट **मिति २०७०/०४/१७ मा भएको थुनछेक आदेश ।**

९. प्रतिवादी सविन श्रेष्ठलाई म धेरै पहिले देखी चिन्दछु,निजको चालचलन आनीवानी राम्रो छ,निज हातहतियार राख्ने ओसार पसार गर्ने खालको मानिस होइन,निज सविन श्रेष्ठको श्रीमती भिसा लागि बैदेशिक रोजगारमा गई सकेको र मेनपावरबाट तपाइको पनि भिसा आइ सकेको छ भनी राहदानी बुझाउन जादा अपरीचित व्यक्तिको फोन आई गैरीगाउबाट प्रहरीले सोधपुछको लागि पक्राउ गरेको हो,बरामदी मुचुल्का अनुसारको हतियार ल्याउने कार्य निजबाट भए गरेको होइन निज निर्दोष छन् भन्ने समेत व्यहोरा उल्लेख गरी यस कार्यालयमा **प्रतिवादी सविन श्रेष्ठका साक्षी मणिराज श्रेष्ठले गरेको वकपत्र ।**

१०.प्रतिवादी विश्व बस्नेतलाई म राम्रोसँग चिन्दछु,निजको चालचलन आनीवानी राम्रो छ, निज हतियार ओसार पसार र विक्री गर्ने खालको मानिस होइनन्,निजको दिदीको पसल कोटेश्वरबाट लगि पछि हातहतियार मुद्दामा म्याद थप गरेको सुन्दा अचम्म लागेको थियो । निजलाई मैरै सामुन्नेबाट प्रहरीले लगेको हो,तत्समयमा निजसँग कुनै सामान थिएन, अतयव प्र.विश्व बस्नेतबाट हतियार बरामद भएको भन्ने कुरा झुट्ठा हो निज निर्दोष छन् भन्ने करिव एकै मिलानको व्यहोरा उल्लेख गरी यस कार्यालयमा **प्रतिवादी विश्व बस्नेतका साक्षी अम्वर भडारी र कुमार प्रसाद पाण्डेले गरेको वकपत्र ।**

११. बरामद भई आएको पेस्तोल " Local made (home made ) pistol भएको र ७.६५ एमएम को गोली फायर हुन सक्ने चालु हालतमा रहेको तथा गोली थान ४ जिवीत अवस्थाका भएको रहेको " भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको हतियार परीक्षण प्रतिवेदन ।

## यस कार्यालयको ठहर

१२. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरु अध्ययन गरि प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी विश्व बस्नेत र प्रतिवादी सविन श्रेष्ठले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ४(२) र ५(१) विपरितको कसुर अपराध गरेको हो होइन् निर्णय गर्नु पर्ने देखिन आयो ।

१३. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरु अध्ययन गरि प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी विश्व बस्नेतको शरिर खानतलासी गर्दा निजको साथबाट Made in italy,9 round No.25712,7.65 लेखिएको पेस्तोल थान १, सो को म्यागिजन थान १ र K.F.7.65 लेखिएको गोली राउण्ड ४ वरामद भएको मिति २०७०/३/२२ को वरामदी मुचुल्कामा उल्लेख भएको पेस्तोल,म्यागिजन र गोली आफुहरुबाट वरामद भएको कुरालाई प्रतिवादी विश्व बस्नेत र सविन श्रेष्ठले अधिकार प्राप्त अधिकारीसँगको वयानमा स्वीकार गरेको ।वरामद भएको हतियार १,१/२ वर्ष अघि प्र.विश्व बस्नेतले भारतीय नागरिक मोहम्मद भन्ने व्यक्तिसँग लिई आफु कोठा सर्ने क्रममा सुरक्षित

राख्न प्र.सविन श्रेष्ठको घर दुवै जना गई उक्त हतियार र गोली लुकाईछिपाई राखेकोमा उक्त हतियार विक्री गर्ने उद्धेश्यले प्र.विश्व बस्नेतले मगाउदा प्र.सविन श्रेष्ठ आफ्नो घर धनुषा गई उक्त हतियार ल्याई प्र.विश्व बस्नेतलाई दिई दुवै जना उक्त हतियार विक्री गर्ने उद्धेश्यले ग्राहक जापान भन्ने व्यक्तिलाई कुरी रहेको अवस्थामा दुवै जना एकसाथ पक्राउमा परी हतियार र गोली वरामद भएको तथ्य अनुसन्धानबाट स्पष्ट भएको । प्रतिवादीहरु बरामदी हतियार आफुहरुबाट वरामद भएको कुरामा यस कार्यालयम इन्कारी रहेको भएता पनि प्रहरीले जवर्जस्ती वरामदी मुचुल्का बनाउनु पर्ने, अधिकार प्राप्त अधिकारीले साविती वयान गराउनु पर्ने बस्तुगत कारण र तथ्य प्रतिवादीहरुले दिन नसकेको हुदा मिति २०७०/३/२२ को वरामदी मुचुल्का र प्रतिवादीहरुको मौकाको वयानलाई अन्यथा हो भन्न सक्ने आधार प्रमाण नदेखिएको हुदा यी प्रतिवादी विश्व बस्नेत र सविन श्रेष्ठको संयुक्त रुपमा दुवैको मिलोमतो र संलग्नतामा विना इजाजत अवैध इटालियन पेस्तोल थान १ म्याग्जिन थान र गोली राउण्ड ४ आफ्नो साथमा राखी लिइ हिडी उक्त हतियार र गोली रु १ लाख ५० हजारमा विक्री गर्ने प्रयास समेत गरी हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), ४(२) र ५(१) विपरित कसूर अपराध गरेको ठहर्छ । सो ठहर्नाले सोही ऐनको दफा २०(२) र २०(३) अनुसार प्रतिवादी विश्व बस्नेत र सविन श्रेष्ठलाई जनही रु १,५०,०००- एकलाख पचास हजार जरिवाना हुन्छ । अभियोग-पत्रसाथ पेश हुन आएको पेस्तोल थान १ म्याग्जिन थान १ र गोली राउण्ड ४ सोही ऐनको दफा १६ बमोजिम जफत हुन्छ । अरुमा कानून बमोजिम गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।

**तपसिल**

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी विश्व बस्नेत र प्रतिवादी सविन श्रेष्ठाई जनही रु १,५०,०००।- जरिवाना ठहरी फैसला भएकोले प्रतिवादी विश्व बस्नेत र सविन श्रेष्ठ मिति २०७०/०३/२२ देखी प्रहरी हिरासतमा बसेको देखिदा कानून बमोजिम सोही मितिबाट गणना हुने गरी जरिवाना रकम दाखिला गरेमा थुनाबाट छाडिदिनु,जरिवाना रकम दाखिला नगरेमा कानून बमोजिम जरिवाना वापतको कैद गर्न कैदीपूर्जि दिनु.................१

प्रतिवादीहरुले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला सुनि पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भन्ने पुनरावेदन म्याद सुनाउनू/दिनु र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी र पुनरावेदनको म्याद समेत लेखी पठाउनू ..................................... .... ..................................................................३

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.........................................................................................४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ............५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..........................................................................................६

..................................

**(बसन्त राज गौतम)**
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७० साल फाल्गुण १३ गते रोज ३ शुभम् ....................................................